ब्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुं ।

*प्रथम पटक प्रकाशित मिति २०८१।०४।१५*

**विज्ञापन कर उठाउने सम्वन्धी बोलपत्र आव्हानको सुचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(ग) वमोजिम आ.व.२०८१/०८२ देखि आ.व.२०८३/०८४ सम्मको लागि व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकेको दरको आधारमा बार्षिक न्युनतम रकमबाट बढाबढ हुने गरी व्यास नगरपालिका क्षेत्र अन्र्तगत पर्ने विज्ञापन कर सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता तथा आर्थिक बर्ष २०७९/०८० को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपुर्वकको विद्युतिय बोलपत्र आव्हान गरिन्छ ।

**विज्ञापन कर:**

| ठेक्का नम्वर | विवरण | न्युनतम अंङ्क आर्थिक वर्ष २०८१।०८२ को लागि (कर वाहेक) | दरभाउ पत्र फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| 02/Rev/ Vyasmun/ 2081/082 | विज्ञापन कर उठाउने कार्य | ६,००,०००.०० | ३,०००.०० | १८,०००.०० | प्रत्येक बर्ष २०% बृद्धि हुने गरी ३ आर्थिक बर्षका लागि |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

बोलपत्र फाराम तोकिएको दस्तूर तिरी व्यास नगरपालिका राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ । । बोलपत्र पेश गर्दा सुचना प्रकाशित मितिले ३१ औं दिनको १२:००बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुने छन् ।

**बोलपत्र सम्बन्धी अन्य शर्तहरु:**

१. बोलपत्र फाराम यो सुचना प्रकाशित भए पश्चात तोकिएको दस्तुर तिरी व्यास नगरपालिका राजश्व व्यवस्थापन शाखाबाट खरिद गर्न सकिनेछ ।

२. धरौटी वापतको रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहुं स्थित रहेको धरौटी खाता ग.३.०.०.१/०६००३०००००३००००००००१ र फाराम वापतको रकम (फिर्ता नहुने) राजश्व शिर्षक नं १४२२९ र खाता ग.१.१.०.१/०६००३०००००१००१००००००१ मा जम्मा गरेको बैंक भौचर पेश गर्नू पर्नेछ ।

३. बोलपत्र पेश गर्दा सुचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजेसम्म व्यास नगरपालिका राजश्व व्यवस्थापन शाखामा बोलपत्र पेश गर्न सकिने छ ।

४. नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५. बोलपत्र खोल्ने अन्तिम दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

६. बोलपत्र दर्ता गर्दा फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाणपत्र तथा आर्थिक वर्ष २०७९/०८० को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

७. बोलपत्र फारम भरी पेश गर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड दमौली तनहुं स्थित धरौटी खाता ग.३.०.०.१/०६००३०००००३०००००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाउमा जारी गरेको सोही रकम बरावरको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

८. यसपुर्व यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई भुक्तानी गर्न वांकी रहेका व्यक्ति तथा फर्म द्वारा पेश भएको बोलपत्रदाई मान्यता दिईने छैन, तर वोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा वोलपत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।

९. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताले कबोल रकम को ५० प्रतिशत कर सहितको रकम सम्झौताका बखत कार्यालयको नेपाल बैक लि. दमौली शाखामा रहेको राजश्व खाता च.हि.नं. ग.६.१.०.१/०६००३०००००६००१००००००१ (शिर्षक नं.३३३४३) मा जम्मा गरेको सक्कलै बैक भौचर बुझाउनु पर्नेछ । वाकी रकमको हकमा राष्ट्रीय मान्यता प्राप्त वैंकको २०८४ श्रावण मसान्त सम्मको वैंक जमानी पत्र पेश गर्नू पर्नेछ । तर सोही आर्थिक वर्षको असार मसान्त भित्र वांकी रकम भुक्तानी गर्नू पर्नेछ साथै प्रत्येक आर्थिक बर्ष हालको कायम रकमको २०% बृद्धि हुने छ ।

१०. नेपाल सरकारको सम्पुर्ण लगानीमा हुने जनचेतना अभिबृद्धिमूलक सुचना प्रचार प्रसारका सामग्रीहरुमा र स्थानिय स्तरको हस्तकला तथा कृषि उत्पादनको विज्ञापन तथा व्यापारिहरुले आफ्नो पसलमा पसलको नाममा राखेको सानो वोर्ड व्यानरको विज्ञापन कर अशूल गर्न पाइने छैन ।

११. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तूहरुको विज्ञापन गर्न पाइने छैन ।

१२. ठेक्का सम्झौता गर्दा माथि प्रकरण नं. ९ मा उल्लेखित कबुल अंकको मू.अ.कर(VAT) १३% र अग्रिम आयकर वापतको १.५% रकम जोडी कूल सम्झौता रकम कायम गरिनेछ ।

१३. नेपाल सरकार, अदालत तथा अन्य सम्वन्धित निकायबाट विज्ञापन कर उठाउने सम्वन्धमा कुनै निति निर्देशन जारी भएको खण्डमा सोही वमोजिम हूनेछ ।

१४. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

१५. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. विज्ञापन करको दरहरु अनुसुचि ५ मा उल्लेख भए अनुसारको हुनेछ ।

१७. दरभाउ पत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र दरभाउ पत्रदाताको नाम ठेगाना स्पष्ट लेख्नूपर्नेछ ।

१८. व्यवसायीहले आफ्नै पसलको नाममा राखेका साना व्यानर तथा होडिङ्ग वोडको विज्ञापन कर लाग्ने छैन ।

१८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०६५-५६०२३३ र ५६०१६९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ । दरभाउ पत्र खरिद र दर्ता गर्ने दिन विदा परेमा सो पछि कार्यालय खूलेको दिन सोही समयमा सो कार्य हूनेछ ।

१९. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

(दफा ८ सँग सम्बन्धित)

**विज्ञापन करका दरहरु**

| सि.नं. | विज्ञापनको किसिम | विज्ञापन दर रु. (प्रति वर्ग फिट) | मदिरा सूर्तीजन्य विज्ञापन दर रु. |
|---|---|---|---|
| १ | परिचय पाटी/साइन बोर्ड | प्रति वर्ग फिट १००। | १५०। |
| २ | होर्डिङ्ग बोर्ड (विज्ञापन पाटी) | प्रति वर्ग फिट १५०। | १५०। |
| ३ | नियोनसाइन बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ४ | ग्लोसाइन (विद्युतीय) बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ५ | चलचित्र बोर्ड | प्रति वर्ग फिट २०। | ४० |
| ६ | त्रिभिजन बोर्ड | प्रति वर्ग फिट २०। | ४०। |
| ७ | स्कोरल भिजन बोर्ड | प्रति वर्ग फिट २०। | ४० |
| ८ | व्यानर/फिल्मी पोष्टर | प्रति वर्ग फिट २०। | ४०। |
| ९ | आकाशे बेलुन | १००। | २००। |
| १० | व्यवसायिक भवन प्रवेशद्वार विज्ञापन गेट | ५००। | १,०००। |
| ११ | गाडीमा बोकी विज्ञापन | २००। | ४००। |
| १२ | स्टल | ५००। | १,०००। |
| १३ | व्याग प्याग | २००। | ४००। |
| १४ | वाकिङ्ग बेलुन | २००। | ४००। |
| १५ | पोल व्यानर | १००। | २००। |
| १६ | जात्रा मेला खेलकुद विज्ञापन | १,०००। | २,०००। |
| १७ | सटर पेन्टिङ्ग | १,०००। | २,०००। |
| १८ | डि.पि.एस. बोर्ड | १,०००। | २,०००। |
| १९ | लाइट बोर्ड | १,०००। | २,०००। |
| २० | डिजिटल होडिङ्ग बोर्ड | १,०००। | २,०००। |
| २१ | व्यानर (बढीमा २ हप्ता) सम्म प्रति दिन | २००। | ४००। |
| २२ | रोडकस गेट (बढीमा २ हप्ता) सम्म प्रति दिन | २००। | ४००। |
| २३ | एल.ई.डि. भिडियो बोर्ड प्रति वर्ग फिट | ८००। | १६००। |
| २४ | भित्ते लेखन प्रति वर्ग फिट | २५। | ५०। |
| २५ | वास्तविक वस्तुको प्रदर्शन प्रति वस्तु/प्रतिदिन | १००।/२००। | |
| २६ | अनुमति नलिई राखिएको विज्ञापन लाग्ने रकम मा २० प्रतिशत थप | | |
| २७ | अन्य उल्लेख नभएको हकमा सार्वजनिक स्थानमा राखिएको थप २० प्रतिशत | | |

**पुनश्च :** कुनै व्यवसायीले आफ्नो व्यवसायको परिचय जनाउने गरी व्यवसायको अगाडी राखिएको (ग र घ साना व्यवसायी) ३ × ५ (१५ वर्ग फिट) र (क र ख ठूला व्यवसायी) ४ × ६ (२४ वर्ग फिट) फिटसम्मको परिचय पाटी वा साइन बोर्डमा विज्ञापन कर लाग्ने छैन तर कुनै कम्पनीको विज्ञापन उल्लेख भएमा सोको कर लाग्नेछ। तर सोभन्दा ठूलो आकारको परिचय पाटी वा साइन बोर्ड राख्नु परेमा नगरपालिकाबाट अनुमति लिई तोकिए बमोजिम कर तिर्नु पर्नेछ। निजी सम्पत्ति र संरचनामा समेत यसै बमोजिम विज्ञापन कर लाग्नेछ। विज्ञापन कर सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ। साथै विज्ञापन कर सम्बन्धी जरिबानाको हकमा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

# व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## दमौली,तनहू

**आ.व.२०८१/०८२ देखि आ.व.२०८३/०८४ सम्मको लागि विज्ञापन कर उठाउने सम्बन्धी कार्यको परिमाणको मात्रा (BOQ) फाराम**

यस व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८१।०४।१५ मा प्रथम पटक प्रकाशित बिज्ञापन कर उठाउने सम्वन्धी बोलपत्र आव्हान गरिएको सुचना अनूसार नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफूले कबोल गरेको रकम यो बोलपत्र फाराममा पेश गरेको छु ।

कबोल गरेको रकम अंक र अक्षरमा

| सि. नं. | विवरण | आर्थिक वर्ष २०८१।०८२ को लागि कार्यालयबाट स्वीकृत न्युनतम रकम (कर बाहेक) | बोलपत्रदाताले कबोल गरेको रकम (कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा रु. | अक्षरमा | प्रत्येक बर्ष २०% बृद्धि हुने गरी ३ आर्थिक बर्षका लागि |
| १. | नगरपालिका क्षेत्रभित्र विज्ञापन कर उठाउने कार्य (02/Rev/Vyasmun/2081/082) | रु.६,००,०००.०० | | | |

बोलपत्र दाताको दस्तखत:
बोलपत्र दाताको नामथर:
ठेगाना:
छाप:
सम्पर्क मोवाईल नं:
इमेल ठेगाना:

काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत